# पत्रकार कल्याणकोष नियमावली-२०६१

द्वन्द्वको मारमा परेका पत्रकारहरुको हित, संरक्षण तथा पत्रकारहरुमाथि आइलाग्ने कुनै पनि अप्ठ्यारा र विपत्तिमा सहयोग गर्नु पत्रकार महासंघको कर्तव्य हो भन्ने सम्झदै, विपत्तिमा सहयोग र सामान्य अवस्थामा उनीहरुको वृत्ति विकासमा सहयोग गर्नु वाञ्छनीय भएकोले महासंघको विधान-२०५३ को दफा १६ (ग) ले दिएको अधिकार प्रयोग गरी नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यसमितिले पत्रकार कल्याणकोष नियामावली-२०५५ लाई आवश्यक परिमार्जन र संशोधन गरी यो नियमावली बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ

१. यो नियमावली नामको “पत्रकार कल्याण कोष” नियमावली-२०६१ रहेको छ ।

२. यो नियमावली तत्काल लागू हुनेछ ।

३. यो नियामावली पत्रकार महासंघका सदस्यहरुलाई लागू हुनेछ ।

२. परिभाषा

*विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा:*

१.“पत्रकार” भन्नाले नेपाल पत्रकार महासंघको विधान-२०५३ को दफा दफा २ (झ) बमोजिमको पत्रकार सम्झनु पर्छ । यस शब्दले पत्रकार महासंघ केन्द्रीय कार्यालयमा कार्यरत कर्मचारीसमेतलाई जनाउँनेछ ।

२. “कोष” भन्नाले पत्रकार कल्याणकोष सम्झनु पर्छ ।

३. “कार्यसमिति” भन्नाले नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यसमितिलाई जनाउँनेछ ।

४. “सञ्चालन समिति” भन्नाले नियम ५ अन्तर्गत गठित समितिलाई सम्झनु पर्छ ।

५. “परिवार” भन्नाले पत्रकारको पति/पत्नी तथा निजमाथि आश्रित माता, पिता, दाजु, भाइ, दिदी, बहिनी र छोराछोरीलाई जनाउँछ ।

३. कोषको स्थापना :

१. पत्रकार कल्याणकोष नामको एक कोष स्थापना गरिनेछ । यो नियमावलीमा व्यवस्था भएबमोजिम गर्नुपर्ने कामकाजको निमित्त यो कोषबाट खर्च व्यहोरिने छ । कोषमा निम्नलिखित शीर्षकबाट प्राप्त रकम जम्मा गरिनेछ ।

(क) कोषको आर्थिक सहायताको निमित्त स्वदेशी वा विदेशी सरकार वा व्यक्तिले दिएको रकम ।

(ख) तोकिएको दरमा सदस्यहरुबाट प्राप्त हुने रकम ।

(ग) अन्य कुनै श्रोतबाट कोषलाई प्राप्त हुने रकम ।

२. कोषको रकम कार्यसमितिले तोकेको बैंक वा वित्त कम्पनी वा श्री ५ को सरकारको बचतपत्रमा जम्मा वा लगानी गर्न सकिनेछ ।

३. कोषामा जम्मा हुने रकमको व्याजमात्र खर्च गरिनेछ । महाधिवेशन वा साधारणसभामा विशेष प्रस्ताव दर्ता भई पारित भएको अवस्थामा बाहेक सावाँ रकम झिकिने छैन ।

४. कोषको उद्देश्य र खर्च :

१. सशस्त्र द्वन्द्वको मारमा परेको पत्रकारहरुलाई सहायता पुऱ्याउनु र सामान्य अवस्थामा पत्रकारहरुको वृत्ति विकासमा ध्यान दिनु पत्रकार कल्याणकोषको उद्देश्य हुनेछ । पत्रकार कल्याणकोषबाट देहायका लागि खर्च गरिनेछ ।

२. द्वन्द्वका कारण ज्यानै गुमाउने पत्रकारको आश्रित परिवारलाई सहयोग पुऱ्याउने । त्यसैगरी सोहीकारणले घाइते, अङ्गभङ्ग, विस्थापित र तिनका आश्रितलाई औषधी तथा उपचार खर्चमा सहयोग पुऱ्याउने ।

३. थुनामा रहेको वा वेपत्ता पारिएको पत्रकारका आश्रितलाई सहयोग गर्ने ।

४. द्वन्द्वका कारण व्यावसायिक कर्तव्य पूरा गर्न नसकिरहेको पत्रकारलाई सहायत गर्ने ।

५. कुनै विपत्ति वा भवितब्य परी ज्यान गुमाउने, घाइते, अङ्गभङ्ग हुने पत्रकरालाई सहायता उपलब्ध गराउने ।

६. कुनै पत्रकारको निधन भएमा वा कुनै कारणवस व्यवसायिक कर्तव्य पूरा गर्न नसक्ने परिस्थिति निर्माण भएका सहायता दिने ।

७. निधन भएका पत्रकारका आश्रितहरुलाई सहयोग गर्ने ।

८. समस्याको प्रकृतिअनुसार सहायत दिनैपर्ने कुनै पत्रकारलाई सहयोग गर्ने ।

५.समिति गठन :

*कोष सञ्चालन समितिमा देहायका सञ्चालकहरु रहनेछन् ।*

| | |
|---|---|
| (क) नेपाल पत्रकार महासंघको सभापति | -संयोजक |
| (ख) नेपाल पत्रकार महासंघको महासचिव | -सहसंयोजक |
| (ग) कार्यसमितिद्वारा मनोनीत वरिष्ठ पत्रकार | -सदस्य |
| (घ) नेपाल मेडिकल काउन्सिलले तोकेको चिकित्सक | -सदस्य |
| (ङ) नेपाल पत्रकार महासंघको कोषाध्यक्ष | -सदस्य सचिव |

६. समितिको बैठक :

१. संयोजकले तोकेको मिति र स्थानमा सञ्चालन समितिको बैठक बस्नेछ । बैठक आवश्यकताअनुसार बस्नेछ । बैठकमा कम्तिमा ५० प्रतिशत सदस्य उपस्थित हुनुपर्नेछ ।

२. कार्यसमितिसमक्ष दिएको राजीनामा स्वीकृत भएपछि सञ्चालक समितिको सदस्य पदबाट हट्न सक्नेछ ।

३. संयोजकको अनुपस्थितिमा सहसंयोजकले बैठक अध्यक्षता गर्नेछ ।

७. कार्यविधि र सीमा :

१. सामान्यतया कल्याणकोषबाट सहायता पाउन, सञ्चालक समितिको नाममा महासंघ केन्द्रीय कार्यालयमा निवेदन दिनुपर्नेछ ।

२. विषयको गम्भीरता हेरी त्यस्तो निवेदनमाथि निर्णय गर्न तत्कालै सञ्चालक समितिको बैठक बस्नेछ । समान्यतया दुई महिनाको एकपटक बैठक बस्नैपर्नेछ ।

३. औषधी खर्च माग गर्दा रितपूर्वक विल समावेश हुनुपर्नेछ । सरकारी अस्पतालमा गरिएको उपचार खर्चको विललाई मात्र मान्यता दिइनेछ । औषधि खर्च र उपचार खर्चमा समितिका चिकित्सक सदस्यको रायसमेतलाई विचार गरेर निर्णय गरिनेछ ।

४. पत्रकार कल्याणकोषबाट सहायता दिने मुख्य मापदण्ड तत्काल उपलब्ध व्याज रकमको अङ्क नै हो । अवस्था हेरी सामान्य अवस्थामा औषधी र उपचार खर्चका हकमा १० हजारसम्म र द्वन्द्वपीडित पत्रकारका हकमा संवेदनशीलता हेरी १५ हजारसम्म सहयोग उपलब्ध गराइनेछ । पत्रकारको अङ्गभङ्ग नै भई काम गर्न अशक्त भएको अवस्थामा २५ हजार रुपैयाँसम्म र पत्रकारिता कर्म गर्दागर्दै द्वन्द्वमा परी मृत्यु हुनगएमा ४० हजार रुपैयाँसम्म तथा विरामी भई मृत्यु भएमा ३० हजार रुपैयाँसम्म आर्थिक सहयोग दिन सकिनेछ । कुनै बिरामी पत्रकारको स्वेदशमा उपचार हुननसक्ने अवस्था भएको प्रमाणित भएमा त्यस्ता विरामीलाई एकमुष्ट २० हजारसम्म, कुनै पत्रकारको मृत्यु भएपछि निजका नजिकका आश्रित पनि नरहेको अवस्थामा त्यस्ता पत्रकारको काजक्रिया खर्च महासंघले व्यहोर्नेछ । तर, कुनै पत्रकारको व्यवसायिक र पारिवारिक अवस्थासमेतलाई ध्यानमा राखेर पत्रकार कल्याणकोषबाट तोकिएको सीमाभन्दामाथिको अङ्कमा सहयोग गर्नुपर्ने अवस्था आएमा सञ्चालक समितिले केन्द्रीय कार्यसमितिसमक्ष सिफारिस गर्नेछ । कार्यसमितिले अनुमोदन गरेपछिमात्र सो रकम निकासा हुनेछ ।

५. कल्याणकोषबाट कुनै पत्रकारलाई एउटा समस्यामा समान्यताया एक पटकमात्र सहयोग उपलब्ध गराइनेछ । औषधी र उपचार खर्च तथा यातायात खर्चजस्ता विषयमा तीन वर्षमा एक पटकभन्दा बढी सहयोग प्राप्त हुनेछैन ।

६. कल्याणकोषबाट वितरण गरिएको सहयोग रकमबारे त्यसपछि बस्ने केन्द्रीय कार्यसमितिको बैठकमा प्रस्तुत गरिनेछ । कार्यसमितिको बैठकले अनुमोदन गरेपछि त्यो विवरण महासंघको सूचना पार्टीमा टासिनेछ ।

८. विविध :

१. यस नियमावलीको प्रयोजनको लागि गर्नुपर्ने आवश्यक पत्राचार वा कुनै आदेश निर्देशनको कार्यान्वयन गर्ने जिम्मेवारी महासंघका कार्यालय सचिवको हुनेछ ।

२. यो नियमावलीको दफा ३ को उपदफा ३ बाहेकका अन्य दफाहरुको संशोधन समितिको सिफारिसमा कार्यसमितिले गर्नसक्नेछ । यसरी गरिएको संशोधनलगत्तै बस्ने साधारणसभाद्वारा पारित गरिनुपर्छ । तर, दफा ३ को उपदफा ३ संशोधन गर्नुपरेमा महाधिवेशन वा साधारणसभामा प्रस्ताव लानसकिनेछ । यो । दफा संशोधन गर्ने अधिकार महाधिवेशन वा साधारणसभालाई मात्र हुनेछ ।

३. एउटै विषयमा पत्रकार महासंघका शाखाहरु र प्रेस काउन्सिललगायतका संस्थाबाट दोहोरो सुविधाका लागि योग्य मानिने छैन । र, सहयोग गर्दा शाखाका कल्याणकोष र काउन्सिलसँग समन्वय गरिनेछ ।

४. नेपाल पत्रकार महासंघका सबै सदस्यहरुले यस कल्याणकोषबमोजिमको सुविधा पाउन अनुरोध गर्नसक्नेछन् । तर, महासंघको सदस्य नरहेको पत्रकारको हकमा यस कल्याणकोषबाट सहायता पाउन त्यस्तो पत्रकारको (क) पूर्णकालीन व्यावसायिक पत्रकार भएको परिचयपत्र (ख) महासंघको सम्बद्ध शाखाको सिफारिसपत्र (ग) सम्बद्ध सञ्चारमाध्यमको सिफारिसपत्र अनिवार्यरुपमा संलग्न गरिएको हुनुपर्नेछ । प्राप्त प्रमाणको मूल्यांकन गरेर कल्याणकोष सञ्चालक समितिले कार्यसमितिसमक्ष सिफारिस गर्नेछ । कार्यसमितिको निर्णयपछिमात्र यस्तो पत्रकारलाई सहायता दिन सकिनेछ ।

५. कोषको रकम दुरुपयोग भएको शंका लागेमा कार्यसमितिले आफैं वा समिति बनाएर आवश्यक छानबिन गर्नसक्नेछ । र, यस्तो छानबिनसम्बन्धी प्रतिवेदन साधारणसभा वा महाधिवेशनमा प्रस्तुत गर्नुपर्नेछ ।